मितिः-२०७५।०१।२१

विषयः आर्थिक वर्ष २०७४/७५ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुका लागि प्रदेश नं. ४ सञ्चित कोषबाट तहाँ मन्त्रालय/सचिवालयले गर्ने सेवा र कार्यका निमित्त संवैधानिक प्रावधान अनुरुप २०७५/०१/१९ गते प्रदेश नं ४ को प्रदेश सभामा विनियोजन विधेयक पेश भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त विधेयक ऐन बनिसकेपछि ऐनको अनुसूची र व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्ने अधिकार प्रदेश नं. ४ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने हुँदा सो अनुसार तहाँका लागि छुट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने गराउने समेतको जिम्मेवारी तहाँबाट हुने नै छ। तपसिल बमोजिमका मार्गदर्शनका आधारमा बजेट कार्यान्वयन गर्नुहुन अनुरोध गर्दछु।

## (क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. खर्च गर्ने इकाई (Spending Unit)को लागि तोकिएको विनियोजित बजेटखर्च गर्ने अधिकार प्रदेश विनियोजन विधेयक, २०७५ बमोजिम अधिकार प्राप्त अधिकारीलाई प्राप्त हुनेछ।

२. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु गराउनु हुनेछ।स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप बजेट निकासा गरिने छैन।

३. खर्चशीर्षकनं. २८९११(भैपरी आउने- चालु खर्च)र३१५११ (भैपरी आउने- पूँजीगत खर्च) माविनियोजित बजेट बाँडफाँट स्वीकृतगराएर मात्रखर्च लेख्नु हुनेछ।

४. प्राकृतिक प्रकोप,विपत्ति र विशेष अवस्थामा बाहेक कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही साधारण प्रशासनतर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रम तर्फ पनि बजेट सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गराउनुहुनेछ।

५. मन्त्रालयमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन।

६. आयोजनाको लागत अनुमानभित्र र परामर्श सेवाभित्र सवारी साधन खरिद र वैदेशिक भ्रमण समावेश गर्नु हुने छैन। परामर्श र सार्वजनिक निर्माणमा विनियोजित बजेटबाट वैदेशिक भ्रमण तथा सवारी साधन खरिद गर्न पाइने छैन।

७. संघीय विनियोजन ऐन बमोजिम अर्थ मन्त्रालयबाट अख्तियारी प्राप्त भई मिति २०७५।०१।१८ सम्म भएको खर्च रकमलाई प्रदेश विनियोजन ऐन २०७५ मा समावेश गरी मिलान गरिएको उक्त मितिसम्म भएको खर्च यसै बजेटमा समावेश गरी मिलान गर्नुहुनेछ ।

## (ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

८. आयोजनाको तयारीका चरणहरू पूरा गरीवार्षिक खरिद योजना,विस्तृत डिजाइन र लागत अनुमान तयार गरी जेष्ठ१५ गते भित्र स्वीकृत गरी बोलपत्र आव्हान समेत गरी सक्नु हुनेछ।

९. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्यजेष्ठ मसान्तभित्र सम्पन्न गर्नुहुनेछ। कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आयोजना कार्यालयहरू स्थापना जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरू आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट तथा कार्यक्रम पेश गर्नुपूर्व स्वीकृत गराउने व्यवस्था मिलाउने छु ।

१०. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गरी कम प्रगति देखिएका आयोजनाहरूको लागि विनियोजित बजेट विनियोजन ऐनको परिधिभित्र रही राम्रो प्रगति भएका अरू आयोजनातर्फ आवश्यकता अनुसार रकमान्तर गर्न सक्नेछ।

११. विपद् व्यवस्थापन कोष,खोप कोष र अन्य कोषमा विनियोजन भएको रकम कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

**(ग) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

१२. सार्वजनिक निर्माण, वस्तु तथा मालसामान खरिद, परामर्स सेवा खरिद वा अन्य सेवा खरिद गर्दा हाललाई सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजिनक खरिद नियमावली २०६४ नै अबलम्वन गर्नुहुनेछ ।

१३. पुँजीगतखर्चतर्फविनियोजितरकमचालुखर्चमा रपुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

१४. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

१५. तलब, भत्ता, पोशाक ,खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनुहुनेछ। यी खर्च शीर्षकहरूबाट आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन।प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नुपर्नेछ।

१६. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

१७. बैठक भत्ता लगायतका विभिन्न प्रकारका भत्ताहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ।

**(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था ।**

१८. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि, लागत, उपलब्धि सूचकर जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation

Action Plan)जेष्ठ १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत् सार्वजनिक गर्नुहुनेछ।

१९. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) कामसम्पन्नन भएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ। रू.१०लाख भन्दा बढीको लागत अनुमान भएमा निर्माणसँग सम्बन्धित ठेक्कामा अनिवार्यरूपले सो बमोजिम गर्ने गरी बोलपत्रको कागजातमा शर्तकोरूपमा समावेश हुने व्यवस्था मिलाउनुहुनेछ

२०. प्रदेश मन्त्रालय निकाय र सरकारी कार्यालयहरू र अनुदान जाने निकायहरूको आम्दानी खर्चको विवरण मासिकरूपमा प्रकाशन गर्ने ब्यवस्था मिलाउनु हुनेछ।

२१. प्रदेश गौरवका र प्राथामिकता प्राप्त आयोजना/कार्यक्रमहरुको कार्यान्वयनको प्रगति समीक्षा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीको अध्यक्षतामा प्रत्येक दुई महिनामा गरिने छ। यस्ता आयोजनाहरुको वित्तीय र भौतिक प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

२२. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धिसूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनुहुनेछ।

२३. सरकारी खर्चको दायित्व एकिन गर्नको लागि प्रतिवद्धता अभिलेख राख्ने व्यवस्था गर्नुहुन रआर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था गर्नुहुनेछ। यस सम्बन्धी अन्य व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउनेछ।

२४. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिनुपर्ने व्यक्ति, फर्म वा संस्थालाई रु.५०००।- भन्दा बढी भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर उल्लेख गरी भुक्तानी गर्ने र यस्तो स्थायी लेखा नम्बरको जानकारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ। तर तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम संचालन गर्नको लागि लिइने पेश्कीहरुको भुक्तानीमा भने स्थायी लेखा नम्बर आवश्यक पर्ने छैन।

२५. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, सेवा करार समेतको सबै प्रकारका भुक्तानीहरू बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२६. औषधि उपचार, उपदान, सञ्चित विदाको रकम भुक्तानी गर्दा जतिसुकै रकम भएपनि A/C Payee चेकमार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(विष्णु राज ढकाल)
सचिव

<u>संलग्नः</u>

क) आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्य- २ प्रति

ख) आर्थिक वर्ष २०७४/७५ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत)- २ प्रति

ग) आर्थिक वर्ष २०७४ /७५ को वार्षिक कार्यक्रम - २ प्रति

<u>बोधार्थ:</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल।

श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं ४ पोखरा।

श्री महालेखा नियन्त्रक कार्यालय, बबरमहल ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. ४ पोखरा।